# नेपाल राजपत्र

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, श्रावण ६ गते २०२६ साल

श्री ५ को सरकार

### प्रशासन व्यवस्था विभागको

### सूचना

श्री ५ को सरकारले मिति २०२६।२।२७ को निर्णय अनुसार नेपाल प्रशासन सेवाका देहायका शाखा अधिकृतहरूलाई देहायबमोजिम सरूवा गरेको छ ।

| नाम थर | साविक कार्यालय | हाल सरूवा भएको पद र कार्यालय |
|---|---|---|
| १) श्री नरेन्द्रकुमार बस्नेत | सहकारी विभाग | सहकारी अधिकृत, सहकारी कार्यालय, काभ्रेपलाञ्चोक । |
| २) श्री गोपाल मल्ल | निर्माण, सञ्चार तथा यातायात मन्त्रालय | शाखा अधिकृत, जल तथा विद्युत मन्त्रालय । |

आज्ञाले–
कृष्णबम मल्ल
श्री ५ को सरकारको मुख्य सचिव ।



२०३

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## प्रशासन व्यवस्था विभागको

## सूचना

श्री ५ को सरकारले मिति २०२६।३।२ को निर्णय अनुसार श्री गुञ्जबहादुर श्रेष्ठलाई प्रशासन व्यवस्था विभाग अन्तर्गत रेखदेख दौडाहाको राजपत्रांकित तृतीय श्रेणीको पदबाट प्रशासन व्यवस्था विभागको शाखा अधिकृत पदमा सरुवा गरेको छ।

आज्ञाले–

कृष्णबम मल्ल

श्री ५ को सरकारको मुख्य सचिव।

श्री ५ को सरकार

## प्रशासन व्यवस्था विभागको

## सूचना

अन्तर्राष्ट्रिय संस्थाका रिक्त पदहरूको सूचना प्राप्त गर्ने, विज्ञापन गर्ने, आवेदन लिने तथा सम्बन्धित समितिमा पेश गर्ने र अरू आवश्यक कार्यवाही गराउने काम प्रशासन व्यवस्था विभागले गर्ने गरी मिति २०२५।८।१७ मा राजपत्रमा सूचना प्रकाश भएकोमा अब उप्रान्त यस सम्बन्धी उपरोक्त काम परराष्ट्र मन्त्रालयबाट हुने गरी श्री ५ को सरकारले मिति २०२६। ३।१६ मा निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ।

आज्ञाले–

कृष्णबम मल्ल

श्री ५ को सरकारको मुख्य सचिव।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।